नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ४ २०८१ साल साउन ४ गते शुक्रबार (19 July 2024 Friday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : एकल महिलाको प्रश्न-... ३ पृष्ठमा : समानुपातिक प्रणालीलाई बलियो ... ३ पृष्ठमामृत्यु अपरिहार्य छ : भारतीय...

# केही घण्टा नबित्दै दुई युवायुवतीको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**

सप्तरीमा एकै दिन दुई युवा युवती मृत फेला परेका छन् । दुबै जनाको बिहीबार झुण्डिएको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ ।

सप्तरी प्रहरीका अनुसार जिल्लाको अग्नीसाईर कृष्णासवरण गाउँपालिका २ मा २७ वर्षिय कृष्ण विश्वकर्मा र रुपनी गाउँपालिका ६ मा १९ वर्षिया करुणा विश्वकर्मा आ-आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेका छन ।

अग्नीसाईर कृष्णासवरण गाउँपालिका २ चाँदनी बजारस्थित दीदीको घरमा वस्दै आएका कृष्ण आफु सुत्ने कोठामा सिलिङ्ग पंखामा डोरीको पासो लगाई आत्महत्या गरेको प्रहरीको भनाई छ । राती खाना खाएर सुतेका उनी विहान अबेर सम्म नउठेपछि झ्याल खोलेर हेर्दा डोरीले पासोलगाई झुण्डिएको देखेर भिनाजु शिव सुन्दर विश्वकर्माले प्रहरीलाई खबर गरेका थिए ।

भित्रबाट चुकुल लगाइ झुण्डिएको अवस्थामा फेला परेको उनको मृत शरीर पोस्टमार्टमा लागी गजेन्द्र नारायण सिह अस्पताल पठाई घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ । सप्तरीको सुरुङ्ग नगरपालिका ५ घर भएका विश्वकर्मा विगत १२ वर्षदेखि भिनाजुको रुपनी गाउपालिका स्थित ज्वेलरी पसलमा काम गर्दै आएका थिए ।

उक्त घटना भएको केही घण्टा नवित्दै रुपनी गाउँपालिका ६ तेरहौताकी १९ वर्षिया करुणा विश्वकर्मा आफ्नै कोठामा फलामको बलोमा सलको पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परको प्रहरीले जनाएको छ । उनको पनि शव

*बाँकी अन्तिम पृष्ठमा*

# यूवा सशक्तीकरणका लागी सामुहिक प्रतिबद्धता



**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**

नागरिक समाज र सञ्चार कार्यक्रम अन्तर्गत समाजिक कुरीती रोक्न तथा सिमान्तकृत समुदायको किशोर, किशोरी र यूवा सशक्तीकरणका लागी बिहीबार राजविराजमा दुई दिने अभियानको सुरुवात गरिएको छ ।

सबल नेपालको आयोजना, युएसएआइडीको सहयोग र राजविराज नगरपालिकाको समन्वयमा दक्षिण एसिया फाउन्डेशनको नागरिक समाज र सञ्चार कार्यक्रम अन्तर्गत उक्त अभियान थालिएको हो ।

बालविवाह, लैङ्गिक हिंशा, लागु औषध दुर्व्यसनी, दाइजो, तेश्रो लिङ्गी प्रति हुने उपेक्षापुर्ण व्यवहार, शिक्षामा पहुँच लगायतका विषयमा सामुहिक छलफल मार्फत समाधानको प्रयास तथा यूवाहरुको सशक्तीकरण गर्ने लक्ष्यका साथ उक्त अभियान सूरु गरिएको सबल नेपालका कार्यक्रम प्रबन्धक शुभनारायण भिन्डवार यादवले बताए ।

राजविराज नगरपालिकाका १६ वटै वडाका यूवा अगुवा तथा विभिन्न समाजिक संघ-संस्थाका प्रतिनिधीहरुको सहभागितामा थालिएको अभियान अर्न्तगत पहिलो दिन विहीवार विभिन्न ६ वटा समुह बनाई समुदायमा यूवाहरुको अधिकार, यूवाहरुमा देखिएको समस्या, समाज सुधार, समाजिक विकृती र न्यूनिकरणका उपायहरु बारे बृहत छलफल पश्चात सुझाव

*बाँकी अन्तिम पृष्ठमा*

## मधेश प्रदेश सरकारमा काँग्रेस र लोसपा सहभागि

# एमालेका लेखी गृह तथा संचारमन्त्री र जनमतका सकिल मियाँ उद्योग मन्त्रीमा नियुक्त

**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**

मधेश प्रदेश सरकारमा नेपाली काँग्रेस र लोसपा पनि सहभागि भएका छन् । अर्थसहित चार मन्त्रालय लिएर नेपाली कांग्रेस तथा तथा लोसपाले एक मन्त्रालय लिएर बिहीबार सरकारमा सहभागी भएको हो ।

कांग्रेसका सांसद सुनिल कुमार यादव अर्थमन्त्री नियुक्त भएका छन् । उनी रौतहट क्षेत्र नम्बर ३ (२)बाट निर्वाचित सांसद हुन् ।

यस्तै कांग्रेस सांसद जनार्दन सिंह क्षेत्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, शेष नारायण यादव उर्जा, सिचाई तथा खानेपानी मन्त्री र कौशल किशोर राय श्रम तथा यातायात मन्त्री नियुक्त भएका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १६ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजबिराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३१, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**CTEVT बाट मान्यता प्राप्त**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

**संचालित कार्यक्रमहरु**

डिप्लोमा तह
**H.A.** (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

**V-JTA** भेटनरी जे.टी.ए.
१८ महिने
**P-JTA** बाली विज्ञान
१८ महिने

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (H.A.)
समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

**आजै सम्पर्क गर्नुहोस्**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### न्यायपालिकाको सह्रानिय कार्य

नेपालको न्यायपालिका पनि प्राविधिक मैत्री बनेको छ । अदालतमा विभिन्न मुद्दा, पेशी तथा निवेदनहरु कम्प्युटराइज भइहेको छ । जसकारण वादी, प्रतावादी तथा कानुन व्यवसायीहरुले आफ्नो पालो कुरेर अदालतमै बस्नु पर्ने झन्झटबाट मुक्त हुने भएका छन् । यस्तै उच्च अदालत जनकपुर राजविराज इजलासले दुई वर्ष नाघेका मुद्दाहरु शुन्यमा झारेको छ। पुराना मुद्दाहरुलाई चाडो भन्दा चाडो फछर्यौट गर्ने लक्ष्य लिए अनुसार सो पुराना मुद्दाहरु झुन्यमा झरेको हो । नेपालको न्याय प्रणाली ढिलो रहेको जनगुनासो आइरहेको बेला उच्च अदालत जनकपुर राजविराज इजलासले गरेको कामको प्रशंसा गरिएको छ ।

लामो समयदेखी पुराना मुद्दाहरु थन्किएर रहेकोमा आ.ब. २०८०/८१ मा ती सबै मुद्दाहरु फछर्यौट गर्न कानुन ब्यवसायी तथा न्यायाधिशहरुको महत्वपूर्ण भूमिका रहेको छ । यस्तै सो अदालतले ४८ हजार ५ सय ९४ मुद्दाको अभिलेख राख्न सफल भएको छ । तर, मेलमिलाफतर्फको मुद्दामा भने खासै उपलब्धी हासिल गर्न सकेको छैन् । मेलमिलाफतर्फ गत वर्षको जिम्मेवारी सरेको ३ तथा नयाँ पठाएको १ सय ११ मुद्दा गरि १ सय १४ मुद्दामा जम्मा १ वटा मुद्दा मेलमिलाफबाट टुङ्गिएको छ । यसप्रति अदालत गम्भिर बन्नु जरुरी छ ।

उच्च अदालतले सार्वजनिक गरेको विभिन्न कार्यको प्रगति विवरण भने यसपटक सन्तोषजनक रहेको छ । तसर्थ आगामी दिनहरुमा पनि यसरी नै न्याय सम्पादनमा छिटै हुन सकिए पक्कै पनि न्यायपालिकाप्रति उब्जने विभिन्न खाले शंका निरुत्साहित हुने छ ।

# एकल महिलाको प्रश्न-"के एक्लो महिलाको अस्तित्व हुँदैन ?"

**मधु शाही**
काठमाडौं, ३ साउन (रासस) ।

"भाँडै माझ्न परे पनि गर्छु, काम दिनुपर्‍यो हजुर", काखमा दूधे बालक बोकेर जुनु तामाङले होटलका साहुसँग रोजगारीको अपिल गरिरहनुभएको थियो । साहुले जवाफमा भन्नुभयो, "बच्चा बोकेर कसरी भाँडा माझ्छौ ?" दिनभरि चार ठाउँ होटल चहार्दा समेत उहाँलाई काम पाउन गाह्रो भयो ।

जुनुले त्यही भाँडा माझ्न पनि पाउनुभएन । हातमा केही सीप छैन । काखको सन्तान पाल्नकै लागि उहाँले जसरी पनि मजदुरी गर्नैपर्छ । सङ्खुवासभा चिचिला गाउँपालिकाबाट उहाँ काठमाडौं आएको तीन वर्ष भयो । एक वर्षसम्म यसरी नै होटलमा काम खोज्दै हिँड्नुभयो । कतै एक महिना त कतै छ महिना जुठो भाँडा माझेर सन्तान हुर्काउनुभयो ।

डेङ्गु लागेर तीन वर्षअघि श्रीमान्को मृत्यु भएपछि उहाँको जीवन सहज हुन सकेन । आर्थिक रुपले सक्षम नहुँदा तामाङलाई छोराछोरी पाल्न मुस्किल छ । रोगले श्रीमान् बिते पनि उहाँलाई समाज र आफन्तीले बिभिन्न आरोप लगाएर पीडा दिन छाडेका छैनन् । "लोग्ने खोइ भनेर आफन्तीले नै कुरा काट्न थाल्नुभयो, मनभरि पीडा बोकेर सन्तान कोखी च्यापी सहर पसेँ", उहाँ तीन वर्षअघिको सहर पस्दाको क्षण सम्झँदै उहाँ भन्नुहुन्छ, "यहाँ आउँदा पनि सजिलो कहाँ छ र ? एक्ली महिलालाई न रोजगार पाउन सजिलो, न कोठा भाडा नै ।"

एकल महिला भएकै कारण भक्तपुरका प्रभा महर्जनले परिबारबाटै हेला खेप्नु पर्‍यो । श्रीमान्सँग सम्बन्धविच्छेद गरिन् । श्रीमान् बितेको भए कठै र बरा भनेर संवेदना दिने समाजमा उनले श्रीमान् स्वेच्छाले छोड्दा थुप्रै आरोप खेप्नुपर्‍यो । "लोग्ने छोडेकी भनेर दाजुभाइ नै बोली बार्न थाले", उहाँ भन्नुहुन्छ, "के हामी महिलालाई एक्लै बस्ने हक छैन र ?" श्रीमान्कै अंश पाउन मुद्दाको झमेला खेप्नुपर्ने सङ्घर्ष सजिलो नभएको उहाँको अनुभव छ । अंशको हक पाउन पाँच वर्ष अदालत धाउनु परेको उहाँ बताउनुहुन्छ ।

स्याङ्जाका सैना सुनारले दुर्घटनामा श्रीमान् गुमाएपछि चरित्रमाथि नै प्रश्नहरू उठ्न थालेको गुनासो गर्नुभयो । श्रीमान् हुँदा परिवार र समाजले जुन सम्मानपूर्वक व्यवहार गर्थ्यो नहुँदा ठीक उल्टो व्यवहार पाएको उहाँको बताउनुहुन्छ । सात वर्षअघि दुर्घटनामा परेर श्रीमान् गुमाएकी सैनाको यसमा कुनै दोष छैन तर पीडित भने परिवारले उहाँलाई नै दिने गरेको सुनाउनुभयो । यहाँसम्मकी श्रीमान् गुमाएको एक वर्षमै सुनारले बिभिन्न खाले लाञ्छना खेप्नुपर्‍यो । ससुराबाट चोरीको आरोप लागेपछि उहाँले घर छोडेर काठमाडौं आएर तरकारी व्यापार गर्न थाल्नुभयो ।

रोल्पा त्रिवेणी गाउँपालिकाका धनसरी बिकले बाल्यकालमै बिहे गर्नुभयो । दश वर्षअघि अन्तरजातीय भागी विवाह भयो । एउटा छोरा जन्माएपछि उहाँलाई श्रीमान्ले छोडिदिए । न पढाइ न लेखाइ । धनसरी छोरो लिएर माइतीमै बस्न थाल्नुभयो । उहाँकी आमा एकल महिला हुनुहुन्छ । घर खर्च धान्ने स्थिति छैन । धनसरा छोरो पाल्नकै लागि भारत मजदुरी गर्न जानुभएको छ । "श्रीमान्ले छोडेकी नकचरी भन्दै गाउँभरि कुरा काट्छन् । सुखले बस्न दिँदैनन्", उहाँ भन्नुहुन्छ, "गाउँमै कुखुरापालन गरेँ, तरकारी खेती गरेँ । कुरै काटेर बस्नै नदिएपछि भारत जान बाध्य भएकी हुँ ।"

एकल महिला सुरक्षा कोष ( सञ्चालन) नियमावली, २०७० मा उल्लेख भएअनुसार एकल महिला भन्नाले आर्थिक दृष्टिले विपन्न सम्बन्धविच्छेद गरेकी महिला, विधवा, ३५ वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला, अंशबन्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिलालाई बुझाउँछ । सरकारले एकल महिला लक्षित थुप्रै सकारात्मक कार्य गरे पनि कार्यान्वयनको अभावका कारण एकल महिला अधिकार सम्पन्न बन्न नसकेको एकल महिला अधिकारकर्मीहरू बताउँछन् ।

'मानव अधिकारका लागि महिला: एकल महिला समूह' का अध्यक्ष कविता पाण्डेका अनुसार राज्यले एकल महिलाको अधिकार सुनिश्चित कागजमा मात्रै गरेको बताउनुहुन्छ । उहाँले एकल महिलाको अवस्थाबारे गरेको अध्ययनपत्रको निष्कर्षमा एकल महिलाको मानव अधिकार खोसिँदै गएको उल्लेख छ । अध्ययनपत्रमा देशभर एकल महिला १० लाख एक सय ८५ जना एकल महिला छन् । राष्ट्रिय तथ्याङ्क २०७८ मा सात प्रतिशत एकल महिलाको जनसङ्ख्या रहेको उल्लेख छ । यसमा १९ प्रतिशत एकल महिला साक्षर छन्भने १२ प्रतिशत एकल महिलाको मात्रै घर छ ।

सो अध्ययनले ४९ प्रतिशत एकल महिला परिवारविहीन छन् । उनीहरू एक्लै जीवन बिताउन बाध्य छन् । "एकल महिला जीवनभर एक्लै बस्न बाध्य छन्", पाण्डेले भन्नुभयो, "जसले गर्दा धेरैलाई 'डिप्रेसन'को सिकार हुनुपरेको स्थिति छ ।" एकल महिला जग्गा र जमिनको पहुँचमा पनि पछि नै छन् । ३९ प्रतिशत जग्गामा पहुँच रहेको तथ्याङ्क छ । रोजगारको हिसाबले ४.८ प्रतिशत एकल महिला मात्रै रोजगारमा सक्रिय छन्भने १.३ प्रतिशत घरेलु उद्योगमा र ४.३ प्रतिशत व्यवसायमा छन् ।

बिश्वको तथ्याङ्क केलाउने हो भने २८ करोड ५० हजार एकल महिला छन् । एक करोड १५ लाख एकल महिला एकदमै कष्टकर र गरिबीको जीवन बिताउन बाध्य रहेको तथ्याङ्क छ । झन्डै १५ लाख एकल महिलाका बालबालिकाले पोषण नपाएर मृत्यु भएका छन् । आर्थिक र सामाजिक हिसाबले पछि परेका एकल महिलालाई उमेरको हद बिना नै सामाजिक सुरक्षा भत्ता दिनुपर्ने उहाँको जोड छ । यति मात्रै नभई स्वास्थ्य, शिक्षा र यातायातमा छुट दिनुपर्ने उहाँ बताउनुहुन्छ ।

राष्ट्रिय महिला आयोगले एकल महिलाको पछिल्लो अवस्था सङ्कलन गर्न सातवटै प्रदेशमा अन्तरक्रियात्मक गतिविधि गरेको थियो । बागमती प्रदेशमा गरेको अन्तरक्रियामा सहभागी एकल महिलाले स्थानीय तहमा एकल महिलाले पाउनुपर्ने भत्ता सहज नगरिदिँदा समस्या झेल्नुपरेको बताउनुभएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य लिली थापाले मानव अधिकार आयोगमै एकल महिलाको मुद्दा सम्बोधन गर्न नसकेको स्वीकार गर्नुभएको छ । उहाँले आफू सदस्य भएपछि धेरैपटक एकल महिलाका मुद्दा उजागर गर्दा यसलाई मानव अधिकारको विषय नै नबनाइने बिडम्बना रहेको बताउनुभयो । साथै, राज्यले नै एकल महिलाको संरक्षण गर्न बनाएको एकल महिला सुरक्षा कोष पाँच वर्षसम्म पनि लागू नहुनुले मुलुकका सात प्रतिशत जनसङ्ख्या भएका एकल महिलाले कष्टपूर्ण जीवनयापन गर्नुपरेको उहाँको भनाइ छ । "पाँच वर्षमा चार महिला मन्त्री परिवर्तन भए तर कोष कार्यान्वयनमा आएको छैन", उहाँले भन्नुभयो, "कोषमा रु छ करोड बजेट 'फ्रिज' भएको छ, एकल महिलाले दुःख पाएका छन् ।" उहाँले महिला मन्त्रालयले कोषको रकम परिचालन गर्न सरकारलाई दबाब दिइरहेको बताउनुभयो ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले एलक महिला सवाललाई आयोगको तर्फबाट कार्यान्वयन गर्न सरकारसँग सिफारिस गर्ने बताउनुभयो । उहाँले आयोगले चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा एकल महिलासम्बन्धी कार्यक्रम गरेर अवस्था अनुगमन गर्दा एकल महिलाको स्थिति नाजुक रहेको सुनाउनुभयो ।

वैदेशिक रोजगाको कारणले होस् या विपत्मा परेर धेरै पुरुषको मृत्यु हुँदा महिला एकल भएको स्थिति छ । दश वर्षे माओवादी सशस्त्र द्वन्द्वमै पनि नौ हजारभन्दा महिला एकल भएको डब्लुएचआरको अध्ययनले बताउँछ । पछिल्लो समय सम्बन्धविच्छेदको तथ्याङ्क उच्च हुँदा पनि एकल महिलाको सङ्ख्या बढ्दै गएको अधिकारकर्मी पाण्डे बताउनुहुन्छ ।

एकल महिलाको सङ्ख्या आकासिँदै गर्दा उहाँहरूले सम्मानजनक र न्यायोचित जीवनयापन गर्ने वातावरण राज्यले दिन नसकेको राष्ट्रिय महिला आयोगकी अध्यक्ष पराजुलीको बझाइ छ । उहाँले एकल महिलाले समाजमा आत्मसम्मानका साथ बाँच्ने वातावरण मिलाउने दायित्व परिवारसँगै राज्यको पनि हो । राज्यलाई पटकपटक एकल महिलाका लागि बनाएका कानुन कार्यान्वयन गराउन सिफारिस गरिरहेको तर परिणाम प्रभावकारी नआएको बताउनुहुन्छ । "एकल महिला सुरक्षा कोष मात्रै कार्यान्वयन हुन सके पनि धेरै एकल महिलाले राहत पाउने थिए", उहाँले भन्नुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569



जनहितमा जारी सन्देश
दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।
बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी

# समानुपातिक प्रणालीलाई बलियो बनाउनुपर्नेमा सांसदहरुको जोड

काठमाडौँ, ३ साउन (रासस)।

संविधानको मर्मअनुरुप समानुपातिक प्रणालीलाई बलियो बनाउनुपर्नेमा सांसद तथा सरोकारवालाहरुको जोड रहेको छ। प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक मामिला समितिको बिहीबार बसेको बैठकमा उहाँहरुले समानुपातिक समावेशीताको स्तर कमजोर भएकोमा चिन्ता व्यक्त गर्नुभयो।

बैठकमा 'राज्यको मूलप्रवाहमा आदिवासी जनजाति समुदायको समावेशीताको अवस्था र यस सम्बन्धमा आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले खेल्दै आएको भूमिका' विषयक छलफल भएको थियो। उक्त छलफलमा आदिवासी जनजातिको सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्थाबारे चर्चा गरिएको थियो।

समितिका सभापति किरणकुमार साहले राज्यलाई समावेशी बनाउन सधैँ एकमत रहेको बताउँदै आदिवासी जनजाति आयोगको अहम भूमिका रहने बताउनुभयो। आयोगले सरकार समक्ष सिफारिस गर्ने मात्रै नभई कार्यान्वयनसमेत गर्न जोड दिनुपर्ने उहाँले बताउनुभयो। बैठकमा आदिवासी जनजाति आयोग र आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको काम कारबाहीबारे प्रकाश पारिएको थियो। आयोगका सचिव नुरहरि खतिवडाले प्रतिवेदन प्रस्तुत गर्नुभयो। प्रतिष्ठानका योजना अधिकृत दिवस राईले प्रतिष्ठानको कार्य प्रगतिबारे जानकारी गराउनुभयो।

आयोगका अध्यक्ष रामबहादुर थापाले विसं २०६३ देखि २०७९ सम्मको निर्वाचन समीक्षा गर्दा समानुपातिक समावेशीताको स्तर आरोलो लाग्ने क्रममा रहेको उल्लेख गर्नुभयो। आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा पनि विसं २०७४ को निर्वाचनपछि तीन प्रतिशतले समावेशीता घटेको उल्लेख छ।

"समावेशी भए जस्तो देखिन्छ, वास्तवमा तथ्याङ्क नियाल्ने हो भने पछिल्लो समय घट्दै गएको छ", उहाँले भन्नुभयो। प्रतिष्ठानका योजना अधिकृत राईले आदिवासी जनजातिको अवस्था उकास्न राज्यले अंश बनाएर पर्याप्त स्रोत नदिएको गुनासो गर्नुभयो।

उहाँले सीमित स्रोतसाधनमा जनजाति समुदायको आर्थिक, सामाजिक, संस्कृति जोगाउन अर्थपूर्ण कार्यसम्पादन गरेको जिकिर गर्नुभयो। "आदिवासी जनजातिको जीवित सङ्ग्रहालय बनाउन प्रतिष्ठान लागि परेको छ", उहाँले भन्नुभयो, "भाषा, कला र साहित्य संस्कृति जर्गेनामा लगानी गरेको छ।" प्रतिष्ठानको अनुसन्धान तथ्याङ्कअनुसार राना थारु ६० र हुम्लीको सङ्ख्या ६१ पुगेको छ।

थप लोपोन्मुख जनजाति समुदायको खोजी र अनुसन्धान गर्न बाँकी रहेको राईले बताउनुभयो। आयोग र प्रतिष्ठानमा पर्याप्त बजेट अभावका कारण अनुसन्धानमूलक कार्य गर्न कठिन भएको उहाँको भनाइ थियो। आयोगले आदिवासी जनजातिको समस्या सम्बोधन गर्न आदिवासी जनजाति मन्त्रालय हुनुपर्ने मागसमेत राख्दै आएको छ।

बैठकमा सांसदहरु माया राई, कल्पना मिया, सरस्वती बजिमय, ईश्वरबहादुर रिजाल, हर्कमाया विश्वकर्मा, शान्ती श्रेष्ठ, शोभा ज्ञवालीलगायतले आदिवासी जनजातिको उत्थानका विषयमा र समानुपातिक समावेशी राज्य बनाउने कुरामा जोड दिनुभएको थियो।

# युएसएडद्वारा २४ वर्षमा करिब दुई खर्ब सहयोग

काठमाडौँ, ३ साउन (रासस)।

संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (युएसएड) ले सन् २००० देखि नेपालको विकासका लागि विभिन्न क्षेत्रमा रु एक खर्ब ९६ अर्ब सहयोग गरेको छ।

युएसएडले नेपालको स्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, आर्थिक वृद्धि, महिला तथा बालबालिकाको शसक्तिकरण, मानवीय सहायता, सुशासन, वातावरण, नागरिक समाज र सञ्चारका क्षेत्रमा डेढ अर्ब अमेरिकी डलरभन्दा बढी सहयोग प्रदान गरेको जनाएको छ।


सन् २०२३ मा स्वास्थ्य, शिक्षा, र आर्थिक बृद्धिका कार्यक्रममार्फत १० लाखभन्दा बढी महिलाको जीवनमा प्रत्यक्ष योगदान पुर्‍याएको र थप ५० लाख महिला माझ अप्रत्यक्ष रुपमा आमसञ्चार माध्यमका अभियानलगायत गतिविधि पुगेको युएसएडको तथ्याङ्क छ।

युएसएडद्वारा बिहीबार यहाँ आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रियामा कार्यवाहक मिसन निर्देशक बेथ होगनले युएसएडले नेपाल र नेपाली जनतासँग सात दशक लामो साझेदारीका क्रममा गरिएका सहयोग र योगदानबारे जानकारी गराउनुभएको थियो। साथै उहाँले नेपाल सरकारको आवश्यकता र प्राथमिकताअनुसार युएसएडले अनुदान सहयोग पुर्‍याउँदै आएको उल्लेख गर्नुभयो।

युएसएड अन्तर्राष्ट्रिय विकासको नेतृत्व गर्ने अमेरिकाको सरकारी निकाय हो। युएसएडले नेपाललगायत सयभन्दा बढी मुलुकमा काम गर्दछ। युएसएड र नेपालबीचको साझेदारी ६३ वर्षभन्दा लामो छ। युएसएडको सुरुवाती दिनदेखिको सहयोगका कारण दक्षिणी तराई क्षेत्रबाट मलेरिया उन्मूलन भएको, कुनै समय बसोबास गर्न नसकिने मुलुकका भूभागमा कृषि फस्टाउन योग्य भएको, साक्षरता बढेको, औसत आयु दोब्बर भएको, बाल मृत्युदर उल्लेखनीय रुपमा घटेको, शान्ति र लोकतन्त्रमा सहजीकरण भएको र कोभिड-१९ सङ्कटको समयमा खोप, आवश्यक सामग्री र प्राविधिक सहायता प्राप्त भएको युएसएडले जनाएको छ।

युएसएडको नेपालस्थित कार्यालयका विभिन्न विभागीय अधिकारीहरुका अनुसार युएसएडले सन् २०२३ मा नेपालमा पाँच वर्ष मुनिका ११ लाखभन्दा बढी बालबालिकालाई पोषणसम्बन्धी कार्यक्रममार्फत सहयोग गरेको, बाल विवाह र बालबालिकाको जबरजस्ती हुने विवाह कम गर्न र बालिकाका लागि शिक्षा प्रवर्द्धन गर्न दुई हजारभन्दा बढी सामुदायिक अगुवा तथा सरोकारवालाहरु समाधानका उपायमा संलग्न भएका थिए।

यसै अवधिमा युएसएडको सहयोगमा किसान र उद्यमीले छ करोड ३० लाख अमेरिकी डलर मूल्यको कृषि उत्पादनको बिक्री गर्न सफल भएको जनाईएको छ।



राजविराज नगरपालिका

४ नं. वडाको कार्यालय

राजविराज, सप्तरी

२ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२

च.नं. ५

मिति २०८१/०४/०२

विषय : सुचना ! सुचना ! सुचना !

राजविराज नगरपालिका वडा नं. ४ बाट जारी गरिएको सुचना,

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. २ हाल कायम वडा नं. ४ बस्ने अंजना माझी यस वडा कार्यालयमा उपस्थित भई माँग गरे अनुसार मेरो श्रीमान शशी कुमार माझीको मिति २०६४/०९/२६ मा आफ्नो कालगतिले मृत्यु भई सकेको हुँदा निज शशी कुमार माझीको नाउँमा रहेको तपसिल बमोजिमको बिर्ता जग्गा ~~रहेकोले~~ र मेरो श्रीमानको शेष पछि सर्वमन्जुर नाताको हकभोगवाला पत्नी म अंजना माझी रहेको हुँदा मेरो श्रीमानको नाउँमा रहेको बिर्ता जग्गा मेरो नाममा नामसारीको सिफारिस गरी पाउँ भनि दिएको निवेदन अनुसार निवेदिका अंजना माझीको नाउँमा सिफारिस गरिदिनु अघि कसैको हकदावी उजुर रहेको भए सो आफुसँग भएको सबुत प्रमाण लिई यस राजविराज नगरपालिका वडा नं. ४ को कार्यालयमा ३५ (पैतिस) दिन भित्र आई ~~निवेदन~~ निवेदन दिनु होला अन्यथा कानुन बमोजिम हुने व्यहोरा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। म्याद नाघी उजुरी पर्न आएमा सो उजुरी लाग्ने छैन भनी यसै सुचना द्वारा जानकारी गराउँछु।

तपसिल

| सि.नं | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स | वडा नं. | प्लट नं. | क्षेत्रफल | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| १. | शशी कुमार माझी | सप्तरी | राजविराज नगरपालिका | साविक २ हालका वडा नं. ४ | २६/१ | ०-०-२(ध) | |
| २. | शशी कुमार माझी | सप्तरी | राजविराज नगरपालिका | साविकको २ हाल को वडा नं. ४ | २८/(ख) | ०-०-१(ध) | |

२०८१/४/२

दिवेश कुमार साह करोरा
वडा अध्यक्ष

# विश्व समाचार

## मृत्यु अपरिहार्य छ : भारतीय प्रवचक

नयाँदिल्ली, ३ साउन (रासस/एएफपी)।

भारतमा आयोजित एक धार्मिक भेलामा भएको घातक भागदौडमा एक सय २० भन्दाबढी मानिसको ज्यान गएको घटनाको समीक्षा गर्दै एक भारतीय प्रवचकले भाग्यलाई चुनौती दिन नसकिने र मृत्यु अपरिहार्य रहेको बताउनुभएको छ।

उत्तरी सहर हाथरसमा आयोजित हिन्दु धार्मिक सभामा जुलाई २ मा भएको भागदौडमा एक सय २१ जनाको मृत्यु भएपछि पहिलो पटक सञ्चारमाध्यमसमक्ष प्रस्तुत भएका प्रवचक भोलेबाबाले आफू यो त्रासदीबाट दुखी भएको बताउनुभयो।

"जे भयो त्यसबाट म धेरै दुखी छु, तर भाग्यलाई कसले चुनौती दिन सक्छ र ? जो कोही पनि यस पृथ्वीमा आउँछ उसले एक दिन जानैपर्छ" उहाँले भन्नुभयो।

प्रहरी कन्स्टेबलबाट प्रचारक बन्नुभएको बाबाले बुधबार भागदौड भएको स्थानबाट करिब ६० किलोमिटर टाढाको कासगञ्जमा रहेको धार्मिक मठबाट स्थानीय सञ्चारमाध्यमसँग कुरा गर्नुभएको हो।

बाबाका वकिलले यसअघि भीडमा रहेका असामाजिक तत्व घटनाको जिम्मेवार रहेको बताएका थिए। प्रवचनमा दुई लाख पचास हजार भक्त उपस्थित थिए। यद्यपी ८० हजार जनालाई मात्र सहभागी गराउन पाइने अनुमति आयोजकसँग थियो। मृत्यु भएका मध्ये अधिकांश महिला थिए। भागदौडपछि जारी गरिएको प्रहरी प्रतिवेदनका अनुसार उक्त कार्यक्रमका मुख्य आयोजकलाई पक्राउ गर्न खोजिएको थियो, तर भोलेबाबालाई पक्राउ गर्न सकिएको थिएन।

अहिलेसम्म उहाँका ११ जना स्वयंसेवकलाई भने पक्राउ गरिएको छ। भारतमा धार्मिक जमघटमा कमजोर भीड व्यवस्थापन र सुरक्षा त्रुटिले गर्दा यस्ता घातक घटना सामान्य छन्। सन् २००८ मा उत्तरी सहर जोधपुरको पहाडी मन्दिरमा भएको भागदौडमा २२४ तीर्थयात्रीको मृत्यु भएको थियो भने ४०० भन्दाबढी घाइते भएका थिए।

## गाजापट्टीमा रोगको संक्रमण रोक्न संघर्ष : युएनआरडब्लुए

गाजा, ३ साउन (रासस/सिन्ह्वा)।

प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) नामक संस्थाले बुधबार गाजापट्टीमा विस्थापित मानिसमा रोगको सङ्क्रमण रोक्न सङ्घर्ष गरिरहेको बताएको छ।

"उच्च तापक्रम, भीडभाड, पानीको अभाव, व्यक्तिगत स्वच्छताका सामग्री र किटनाशकजस्ता स्वास्थ्य स्रोतको आपूर्तिको गम्भीर अभावले विस्थापित भएकाहरुमा छालाको सङ्क्रमण तथा ब्याक्टेरिया प्रदूषणमा बृद्धि भएको छ", युएनआरडब्लुएले सामाजिक सञ्जाल एक्समार्फत जानकारी गराएको हो।

आफूसँग भएको सीमित स्रोत साधन र उपचार सामग्रीको अभावका बावजुद पनि रोगको सङ्क्रमण नियन्त्रण गर्न र स्वास्थ्य केन्द्रमार्फत यस्तै मामिलाको बढ्दो रोकथाम गर्न ठूलो प्रयास गरिरहेको युएनआरडब्लुएले जनाएको छ।

एजेन्सीले गाजामा सकेसम्म चाँडो युद्धविराम आवश्यक रहेको कुरामा जोड दियो। पछिल्लो २४ घण्टामा, इजरायली आक्रमणबाट ८१ जनाको ज्यान गएको छ भने एक सय ९८ जना घाइते भएका छन्।

प्यालेस्टिनी-इजरायली द्वन्द्व सुरु भएदेखि हालसम्म कुल मृत्युको सङ्ख्या ३८ हजार सात सय ९४ पुगेको छ भने घाइते हुनेको सङ्ख्या ८९ हजार तीन सय ६४ पुगेको गाजामा आधारित स्वास्थ्य अधिकारीले बताउनुभयो।

## समलिङ्गी दम्पतिका लागि वैवाहिक बिमा सम्बन्धी अधिकार सुनिश्चित

सियोल, ३ साउन (रासस/एएफपी)।

दक्षिण कोरियाको सर्वोच्च अदालतले बिहीबार समलिङ्गी जोडीहरूको नयाँ अधिकारलाई मान्यता दिँदै राज्यले समलिङ्गी दम्पतिहरुलाई स्वास्थ्य बिमा उपलब्ध गराउनुपर्ने ऐतिहासिक फैसला सुनाएको छ। "राष्ट्रिय स्वास्थ्य बीमाले समलिङ्गी जोडीहरूका लागि वैवाहिक बिमा सम्बन्धी व्यवस्थालाई मान्यता दिनुपर्छ", अदालतले फैसला सुनाएको हो।

सन् २०२१ मा राष्ट्रिय स्वास्थ्य बीमा संस्था (एनएचआईएस) ले समलिङ्गी जोडी भएकै कारण आश्रितको रुपमा आफ्नो जीवनसाथीले प्राप्त गर्ने लाभहरु समाप्त गरेपछि सन् २०१९ मा विवाह गरेर सँगै बस्दै आएका एक समलिङ्गी जोडी सो सेओङ-बुक र किम योङ-मिनले संस्था विरुद्ध यो मुद्दा दायर गरेका थिए।

गत वर्षको सियोल उच्च अदालतले एनएचआईएसलाई उनीहरुको आश्रित लाभहरू पुनर्स्थापित गर्न आदेश दिँदै दम्पतीको पक्षमा फैसला सुनाएको थियो। समलिङ्गी विवाहलाई मान्यता नदिएको दक्षिण कोरियामा यो विवाहको कुनै कानुनी वैधता भने छैन।

उच्च अदालतको यस फैसला विरुद्ध एनएचआईएसले सर्वोच्च अदालतमा पुनरावेदन दायर गरेको हो। "समलिङ्गी भएकै कारण जोडीहरुलाई बहिष्कार गर्नु यौनिक एवं लैङ्गिकतामा आधारित भेदभाव हो", सर्वोच्च अदालतले फैसला सुनाएको हो। "यो एक भेदभावपूर्ण कार्य हो जसले मानव गरिमा र मूल्यमान्यता, खुशीको खोजी गर्ने अधिकार, गोपनीयताको स्वतन्त्रता र समानताको अधिकारको उल्लङ्घन गर्दछ।"

देशको सर्वोच्च अदालतबाट आएको यो फैसलामाथि पुनरावेदन गर्न मिल्दैन। यसको अर्थ समलिङ्गी दम्पतिले अब स्वास्थ्य बीमा गर्दा आफ्नो जीवनसाथीलाई आश्रितको रूपमा दर्ता गर्न सक्नेछन। सर्वोच्च अदालतको फैसला देशको लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका लागि एक महत्वपूर्ण क्षण हो। सर्वोच्चको उक्त फैसलापश्चात इन्द्रेणी छाता बोकेका मानिस खुशीका आँसु पुछ्दै अदालत बाहिर निस्किएका थिए।

देशले समलिङ्गी विवाहलाई मान्यता दिँदैन तर समलिङ्गी सम्बन्धलाई अपराधीकरण पनि गरेको छैन। अधिकारकर्मीले लामो समयदेखि यौनिक एवं लैङ्गिकता आधारमा हुने भेदभावविरुद्ध कानुन बनाउनुपर्ने कुरामा जोड दिँदै आएका छन्। सांसदबीच सहमति हुन नसक्दा दक्षिण कोरियामा हालसम्म भेदभाव बिरोधी कानुन बन्न सकेको छैन।

# एक किलो अवैध लागुऔषध कोकिनसहित दुई विदेशी पक्राउ

काठमाडौँ, ३ साउन (रासस)।

लागुऔषध नियन्त्रण ब्यूरोको टोलीले एक किलो एक सय ग्राम अवैध लागुऔषध कोकिनसहित दुई विदेशी नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारतीय नागरिक २३ वर्षीय फहिमुद्दिननासिमुद्दिन अन्सारी तथा नाइजेरियन नागरिक ४४ वर्षीय इकेचुकवा सिरिल ओबोडोइफुला रहेका लागुऔषध नियन्त्रण ब्यूरोका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक दिनेशकुमार आचार्यले राससलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “कतार एअरलाइन्सबाट यही साउन १ गते नेपाल आएका नाइजेरियन नागरिक ओबोडोइफुलाले ल्याएको उक्त कोकिनसहित भारतीय नाकगरिक अन्सारीलाई ठमेलबाट पक्राउ गरिएको हो।”

उक्त कोकिन लिएर आएका नाइजेरियन नागरिक ओबोडोइफुलालाई पनि काठमाडौँको पिङ्गलास्थानबाट पक्राउ गरिएको प्रमुख आचार्यले बताउनुभयो। उक्त कोकिन लिन आएका अन्सारी इन्डिगो एअरलाइन्ससबाट मुम्बई हुँदै काठमाडौँ आएका खुल्नमा आएको ब्यूरोले जनाएको छ।

उक्त कोकिन क्याप्सुल बनाएर ज्याकेटमा लुकाएर कतारदेखि ल्याएको खुलेको प्रहरीले जनाएको छ। पक्राउ परेकाहरूमाथि लागुऔषध नियन्त्रण ऐन २०३३ अनुसार कारबाही हुने ब्यूरोका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक आचार्यले बताउनुभयो।

### *मधेश प्रदेश ...*

यता लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) की सांसद रानी शर्मा तिवारी शिक्षा तथा संस्कृती मन्त्रालय नियुक्त भएकी छन्।

यसअघि एमालेका राजकुमार लेखी शिक्षा तथा संस्कृती मन्त्री थिए। लेखीलाई गृह तथा संचारमन्त्री तोकिएको छ।

यस्तै जनमत पार्टीबाट विना विभागीय मन्त्री नियुक्त भएका सकिल मियाालाई उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय दिएको छ।

### *केही घण्टा ...*

पोस्टमार्टमका लागी गजेन्द्र नारायण सिह अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बताए।

आत्महत्या गर्ने दुबै जना अविवाहीत हुन। आत्महत्याको कारण खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। यसरी केही घण्टा कै फरकमा भएको आत्महत्याको उक्त घटना एक आपसमा जोडिएको हुन सक्ने स्थानीयले अनुमान ब्यक्त गरेका छन।

जिल्लामा गत आर्थिक वर्ष ०८०/०८१ मा झुण्डिएर ६८ तथा बिष सेवन गरेर २२ गरी ९० जनाले आत्महत्या गरेका थिए। चालु आर्थिक वर्षको पहिलो ३ दिन मै एकै दिन दुई जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्ले देखाएको छ।

### *यूवा सशक्तीकरणका ...*

संकलन गरिएको छ।

समाजिक बिकृति, बिसंगती र त्यसले उब्जाउने समस्या तथा यूवा शसक्तीकरणमा केन्द्रित रहेर चलाइएको कार्यक्रममा नगरका १६ वटै वडाका गरी ३५ जना यूवा अगुवाको सहभागिता रहेको कार्यक्रम अधिकृत सबनम यादवले जानकारी दिइन।

कार्यक्रममा सहभागीले समाजिक बिकृति र बिसंगती रोक्न तथा यूवा सशक्तीकरणका लागी आ-आफ्नो स्तरबाट पहल गर्ने सामुहिक प्रतिबद्धता समेत जनाएका छन।

यस अघि जिल्लाको १८ मध्ये १७ वटा पालिकामा यस्तो कार्यक्रमको आयोजना गरी पालिकास्तरीय यूवा संजाल समेत गठन गरिसकिएको नागरिक समाज संचार कार्यक्रमका अधिकृत चन्दन यादवले जानकारी दिए। उनले राजविराजमा अभियानको दोश्रो दिन शुक्रबार यूवा सञ्चाल गठन हुने समेत बताए।

कार्यक्रममा निलहिरा समाजका सहजकर्ता राम प्रकाश चौधरी, राजविराज नगरपालिकाका शाखा अधिकृत अनिता चौधरी, सबल नेपालका कार्यक्रम सचिव शिला कर्ण, समाजवादी महिला संघ सप्तरीकी अध्यक्ष रमिला देवी साह लगायतले पनि बोल्दै सुरक्षित समाज निर्माण र यूवा सशक्तीकरणका लागी सबै तहका सरकार र समाजिक संघ-संस्था र राजनितीक दल मिलेर काम गर्नू पर्नेमा जोड दिएका थिए।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**शम्भुनाथ नगरपालिका, सप्तरी**



सुर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेटलगायतका शरीरका अङ्गहरू), मुटुसम्बन्धी रोगहरू, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालिन रोग लाग्न सक्दछ।

त्यसैले सुर्तीजन्य पदार्थ सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



जनहितमा जारी सन्देश

**दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं।**

**बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो। बालविवाह नगरौं नराऔं, बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं।**

"साने छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



**अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी**



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।



**कंचनरुप नगरपालिका, सप्तरी**



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*